# पुतलीबजार नगरपालिका
# नवौं नगरसभामा प्रस्तुत
# आर्थिक वर्ष २०७८/७९ कोवार्षिक नीति तथा कार्यक्रम

यस गरिमामय नवौं नगरसभामाउपस्थित नगरका **उप**प्रमुखज्यू, नगरसभाका सदस्यज्यूहरु, नगरसभाका सचिव, कर्मचारी साथीहरु तथा सञ्चारकर्मी मित्रहरुलाई मेरो व्यक्तिगत तर्फबाट तथा पुतलीबजार नगरपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दछु ।

यस महत्वपूर्ण घडीमा इतिहासका विभिन्न कालखण्डमा भएका प्रजातान्त्रिक, गणतान्त्रिक आन्दोलनहरुमा सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात प्रातःस्मरणीय सहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु । साथै सहिद परिवारजनमा हार्दिक सम्मान प्रकट गर्दै जनताको आन्दोलनको क्रममा घाईते तथा अपाङ्गहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यसै अवसरमा हाम्रा अग्रज तथा यस नगरपालिकाका प्रथम मेयर स्व.उमेशचन्द्र थापा प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु ।

**उपस्थित सभा सदस्यज्यूहरु !**

हामी जननिर्वाचितपदाधिकारीहरुको कानूनत तोकिएको पदावधी पनि चार वर्ष व्यतित भई सकेकोछ । यस अवधिमा **"समृद्ध पुतलीबजार, सुखी नगरवासी"** को मुल लक्ष्य लाई साकार पार्दै पुतलीबजार नगरपालिकालाई पुर्वाधार विकास, कृषि, पर्यटन विकास, सुशासन, कर्मचारी व्यवस्थापन, सामाजिक परिचालन, स्वास्थ्य, शिक्षालगायत विभिन्न क्षेत्रको लागि आवश्यक पर्ने कानूनहरुको व्यवस्था गरी नगरपालिकालाई एक निश्चित दिशा र गति प्रदान गर्दै अगाडि बढिरहेका छौं । विगतका हाम्रा भोगाई, विभिन्न क्षेत्रबाट प्राप्त सल्लाह सुझावहरुको आधारमा नगरपालिका सही दिशा तर्फ अगाडि वढिरहेको अनुभुति हामी लगायत सम्पूर्ण नगरवासीलाई भएकोछ । यस अवधिमा नगरपालिकाको कार्यसम्पादनमा सुझाव सल्लाह र सहयोग गर्नुहुने माननीय मन्त्रीज्यू, माननीय सांसदज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू लगायतसदस्यज्यूहरु,सम्पूर्ण नगरवासी, सामाजिक संघ संस्था, राजनीतिक दलहरु, वडा अध्यक्षहरु, कार्यपालिका सदस्यहरु, वडा सदस्यहरु, सम्पूर्ण कर्मचारीहरु प्रति आभार व्यक्त गर्दै आगामी दिनमा समेत सल्लाह सुझाब र सहयोगको अपेक्षा राखेकीछु ।

सन् २०१९ को अन्त्य तिरबाट शुरुवात भई विश्वव्यापीरुपमा फैलिएको COVID-19को माहामारीले गतवर्ष यस नगरपालिकाको विकास लगायत सेवा प्रवाहमा प्रतिकुल प्रभाव परी विकास प्रक्रियालाई अगाडि बढाउन तथा नगरवासीलाई समयोचित सेवा सुविधा पुऱ्याउन केही समस्या भएको थियो । COVID-19 को माहामारीको पहिलो Variant ले पारेको असर केही मथ्थर हुँदा नहुँदै COVID-19 को माहामारीको दोस्रो Variantले बिगत केही समयदेखि सम्पूर्ण नगरपालिकालाई आक्रान्त पारेकोछ । जसका कारण नगरपालिकाका अधिकांश उद्योग, व्यापार व्यवसाय, कलकारखाना, विकास निर्माण, सेवा प्रवाह एवं नगरवासीको आवातजावतलाई प्रभावित पारेकोछ, जसबाट नगरवासीको दैनिकीमा असर पारेकोछ । यस बिषम अवस्थामा अहोरात्र सेवामा खटिनु हुने जननिर्वाचित पदाधिकारी, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, शिक्षक, यस्तो अवस्थामा पनि नगरपालिकाको सेवालाई निरन्तरता दिनुहुने कर्मचारी लगायत यस परिस्थितिमा नगरपालिकालाई साथ र सहयोग प्रदान गर्नु हुने सम्पूर्ण नगरवासीहरु तथा संचारकर्मीहरुलाई धन्यवाद टक्र्याउन चाहन्छु ।

यस बिषम परिस्थितिको सामना गर्न नगरपालिकाको एक्लो प्रयासले मात्र सम्भव छैन । यस अवस्थामा हामीलाई सल्लाह सुझाव प्रदान गर्नुहुने माननीय मन्त्रीज्यू, माननीय सांसदज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, राजनैतिक दल, विभिन्न संघ संस्थाका प्रतिनिधि लगायत नगरपालिकाले स्थापना गरेको विपद् व्यवस्थापन कोषमा नगद तथा जिन्सी सामान सहयोग प्रदान गर्नु हुने स्वदेशी तथा विदेशी विभिन्न संघसंस्था लगायत व्यक्तिहरुलाई नगरपालिकाको तर्फबाट धन्यवाद टक्र्याउन चाहन्छु ।

विश्वव्यापीरुपमा फैलिएको COVID-19पहिलो तथा दोस्रो चरणको माहामारीले हामीलाई केही कदम पछाडि धकेल्ने निश्चित छ । यस अवस्थामा नगरको विकास विगतको जस्तो ढाँचामा भन्दा फरक ढाँचामा लैजानु पर्छ भन्ने हामीले महशुस गरेका छौं । सोही बमोजिम आगामी वर्षको योजनाहरुमा केही निश्चित क्षेत्रहरुमा प्राथमिकता दिई योजना तर्जुमा गरिनेछ ।

**आ.व. २०७८/०७९ को लागि बार्षिक नीति तथा कार्यक्रम तयार गर्दा लिईएका आधारहरु :**

- नेपालको संविधानको अनुसूची ८ र ९ ले निर्दिष्ट गरेका स्थानीय तहको एकल तथा साझा अधिकारहरु, मौलिक हकहरु, राज्यको निर्देशक सिद्धान्त र नीतिहरु,
- संघीय सरकारले अंगिकार गरेको पन्ध्रौ आवधिक योजना (२०७६/७७– २०८०/८१ ले निर्धारण गरेको लक्ष्य, नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अंगिकार गरेका आर्थिक तथा वितीय नीतिहरु,
- स्थानीयसरकार सञ्चालन ऐन, २०७४ मा भएका व्यवस्थाहरु,
- तत्कालीन आवश्यकता पहिचान तथा COVID-19संवेदनशील योजना तर्जुमा ढाँचा,
- संघीय सरकारबाट प्राप्त मार्ग निर्देशनहरु,
- प्रदेशसरकारबाट प्राप्त मार्ग निर्देशनहरु,

- माननीय मन्त्रीज्यू, माननीय सांसदज्यू, जिल्ला समन्वय समितिका प्रमुखज्यू, राजनैतिक दलहरुबाट प्राप्त सुझावहरु,
- सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत प्राप्त सुझावहरु,
- स्थानीय राजस्व परामर्श समितिको प्रतिवेदन,
- नगरकार्यपालिकाले योजना तर्जुमाका लागि निर्णय गरी तोकेका आधारहरु,
- नगरपालिकाको आवधिक योजना २०७७/७८- २०८१/८२ का लक्ष्यहरु,
- नगरवासीहरुबाट प्राप्त सल्लाह, सुझावहरु ।

**आर्थिक बर्ष २०७८/७९ मा नगर विकास नीति तथा कार्यक्रमहरुका प्राथमिकताका क्षेत्रहरु :**

COVID-19को असरलेगर्दा हामीले विगतदेखि सञ्चालनमा ल्याएको विकासका रणनीतिमा परिवर्तन गर्नु पर्ने अवस्था आएको छ । अबको विकासले नगरवासीहरुलाई रोजगारीको सृजना, स्वरोजगारको लागि प्रेरित गर्ने, उद्योग व्यापार व्यावसाय, कृषिमा छुट तथा अनुदान, स्वास्थ्य संस्थाको स्तरोन्नतिमा ध्यान दिनु पर्ने भएकोछ । तसर्थ आगामि आ.व.का नगर विकासका नीति तथा कार्यक्रमहरुका प्राथमिकताका क्षेत्रहरु निम्नानुसार रहनेछन :

- कृषि क्षेत्र
- पशुविकास क्षेत्र
- स्वास्थ्य क्षेत्र
- शिक्षा क्षेत्र
- पूर्वाधार विकास
- उद्योग क्षेत्र
- व्यापार क्षेत्र
- पर्यटन क्षेत्र
- सामाजिक क्षेत्र

**आर्थिक बर्ष २०७८/७९ का लागि तयार गरेका नगर विकासका नीति तथा कार्यक्रमहरु निम्नानुसार रहेकाछन् :**

**१. आर्थिक विकास क्षेत्र :**

**१.१ कृषि :-**

- कृषिलाई आयमूलक, आधुनिक र मर्यादित पेशा तथा उत्पादनशील व्यवसायको रुपमा विकास गरिनेछ । महिला तथा अर्ध बेरोजगार र बैदेशिक रोजगारीबाट फर्केका युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गरिनेछ ।
- वास्तविक कृषकलाई सरल एवं सहज ढंगले उत्पादनमा अनुदान उपलब्ध गराउने नीति लिइनेछ । कृषकलाई उन्नत बीऊ तथा नवीनतम प्रविधि समयमै उपलब्ध गराइनेछ ।
- सार्वजनिक वनक्षेत्र, सडक तथा राजमार्गका किनाराको जमिनमा सुन्तला/कागती, समयानुकुलका मौसमी फलफूल र अन्य फलफुलका विरुवा (हाडेकाफल, अनार, आरुपखरा) रोप्ने र संरक्षण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- निजी बांझो जग्गा, खेतवारीका कान्ला र आली समेतमा दलहन, तरकारी, फलफुल र अन्य विरुवा लगाउन कृषकलाई अभिप्रेरित गरिनेछ । बजार क्षेत्रमा करेसावारी, कौसी र गमला खेती प्रवर्द्धन गरिनेछ ।
- कृषि योग्य भूमिको माटो परीक्षण सिविर सञ्चालन गरी माटोको उपचारको साथै माटोको प्रकार अनुसार वालीनाली लगाउन कृषकलाई प्राविधिक सेवा उपलब्ध गराइनेछ ।
- नगरलाई ***"सुन्तलाको शहरको"*** रुपमा विकास गर्न सुन्तलाको उत्पादन, गुणस्तर व्यवस्थापन र बजारीकरणमा सहयोग गर्न आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सुन्तलाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन गरिनेछ ।यस्ता कार्यक्रमको लागिसुन्तला सुपरजोन कार्यालय तथा कृषि ज्ञान केन्द्र लगायत अन्य सरोकारवाला निकायहरुसंग समन्वय गरी सोही अनुरुप कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सुन्तला उत्पादक कृषकहरुलाई सुन्तलाको गुणस्तरीय बेर्ना खरिद गर्न अन्यत्र जानु नपरोस् र उनीहरुको लगानी नगरपालिका क्षेत्रमा नै रहोस् भन्नाको लागि हाईटेक नर्सरी स्थापना गरिनेछ ।
- कृषकहरुले लागतको आधारमा उत्पादनको उचित मूल्य प्राप्त गर्ने गरी प्रत्येक वडाका कृषकहरुलाई मूल्य वृद्धि श्रृङ्खलामा आवद्ध गराई उत्पादित कृषि उपजको बजारीकरणको लागि कृषि उपज संकलन केन्द्र सञ्चालन गरिनेछ ।

- मसलाजन्य र तरकारीहरुमा नगरपालिकालाई आत्म निर्भर बनाईनेछ।
- कृषि उपजहरुको उत्पादकत्व दोब्बर गर्न कृषिमा आधुनिकीकरण, यान्त्रीकरण र व्यवसायीकरण गरिनेछ।
- कृषि उपजको संकलन तथा बजार व्यवस्थापनमा निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
- जलवायु परिवर्तन, रोगको प्रकोप एवं प्राकृतिक विपदबाट कृषि क्षेत्रमा आउन सक्ने जोखिम न्यूनीकरण गरिनेछ। कृषकहरुलाई वाली विमा गर्न प्रोत्साहित गरिनेछ। कृषकहरुको साझेदारी र सहकार्यमा जलवायु अनुकुलन कार्यक्रम सञ्चालन गरी लगानी सुरक्षण गरिनेछ।
- बिगत वर्षमा गरिएको कृषि योग्य भूमि चक्लाबन्दी कार्यक्रमको सकरात्मक अनुभवको आधारमा अन्य सम्भाव्य स्थानको भूमिको चक्लाबन्दीलाई प्रोत्साहन गरी व्यवसायिक खेती, सहकारी खेती र सामुहिक खेती गर्न वा समुदायको समन्वयमा एकै प्रकारको वाली लगाउन उत्प्रेरित गरिनेछ।
- बाँझो जग्गाको तथ्याँक संकलन गरी टोल विकास संस्था मार्फत् बाँझो रहेको सार्वजनिक जग्गामा सामुहिक खेती गर्न प्रोत्साहन गरिनेछ।
- ***"एक टोल एक नर्सरी, एकघर एक करेसाबारी"***कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- व्यवसायिक तरिकाले अगाडि बढ्ने कृषकलाई प्रोत्साहन र पुरस्कारको व्यवस्था गरिनेछ।
- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत नयाँ कार्यक्रम सञ्चालन तथा सञ्चालन भई रहेका कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- जिल्ला सहकारी संघको सहकार्यमा निर्माणाधिन शीत भण्डारको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याईनेछ।
- नगरपालिका क्षेत्रमा परम्परागत रुपमा उत्पादन हुने रैथाने बालीको संरक्षण तथा प्रवर्द्धन गरिनेछ।
- प्राङ्गारिक खेती प्रणालीलाई प्रवर्द्धन गर्ने कार्यक्रमलाई प्रोत्साहन गरिनेछ । यसरी उत्पादन हुने कृषि उपजलाई नगरपालिकाले थप अनुदान तथा सहुलियत प्रदान गर्दै बजारीकरणको व्यवस्था मिलाईनेछ।
- प्राङ्गारिक खेती प्रवर्द्धन,विषादी न्यूनीकरणका लागि IPMकृषक पाठशाला तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- नगरपालिका र युनडिपीको साझेदारीमा सञ्चालित कोभिड १९ उद्धार तथा समाजिक आर्थिक प्रतिकार्य परियोजनालाई निरन्तरता दिइनेछ।
- कृषक पहिचान कार्यक्रम अगाडि बढाईनेछ।

**१.२ सहकारी :-**

- नगरपालिका भित्रका सहकारीहरुको क्षमता विकास गरी सेवामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- सहकारी संस्थाहरुको अनुगमन र सहकारी उद्देश्य अनुरुप नियमनलाई प्रभावकारी बनाईने छ।
- स्थानीय उत्पादन बृद्धि, रोजगारी श्रृजना र गरिबी न्यूनीकरण गर्न सहकारी क्षेत्रको प्रवर्द्धन गरिनेछ।
- उद्देश्य र कार्यक्षेत्रको विश्लेषणको आधारमा एकै प्रकृतिको कार्य गर्ने सहकारी संस्थाहरुलाई एक आपसमा गाभिन प्रोत्साहन गरिनेछ।
- सहकारी संस्थाहरुलाई अनलाईन रिपोर्टिङ्ग गर्न सक्षम बनाउन COPOMISसम्बन्धित प्रशिक्षण उपलब्ध गराईनेछ
- सहकारीको माध्यमवाट रोजगारीका अवसरहरु सिर्जनाको लागि सहकारीलगायत अन्य संघ संस्थाहरुसंग हातेमालो गरी कार्यकमहरु सञ्चालन गरिनेछ।
- एक सदस्य एक सहकारीको नीतिलाई कडाईका साथ अवलम्वन गरिनेछ।
- सहकारी संस्थाहरुको उत्थान विकास तथा प्रवर्द्धनको लागि अन्य संस्थाको सहकार्यमा आधारशीला कार्यक्रम सञ्चालन गरिनेछ।

**१.३ उद्योग तथा बाणिज्य :**

- गरिबी निवारणका लागि लघु उद्यम विकास मोडेलमा नयाँ उद्यमी सिर्जना गरिनेछ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास अन्तरगत तयार भएका उद्यमीहरुलाई आवश्यकता पहिचानका आधारमा पुनर्ताजकी तथा एडभान्स तालिम सञ्चालन गरिनेछ।
- सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिष्पर्धा वृद्धि गर्नका लागि प्रविधि हस्तान्तरण गरिनेछ।
- नगरपालिकामा दर्ता नभएका उद्योग तथा व्यावसायहरुलाई व्यावसाय दर्तामा प्रोत्साहन गरिनेछ।

- व्यावसाय दर्ता, नवीकरण तथा व्यावसाय कर संकलनको लागि घरदैलो कार्यक्रम सञ्चालन गरिनेछ।
- व्यावसाय दर्ताको अभिलेख व्यवस्थापन वडा कार्यालयमा पनि व्यवस्थित गर्दै लगिनेछ।
- कम्तीमा १५ जना श्रमिकलाई रोजगारी दिने गरि स्थापना हुने उद्योग स्थलसम्म आवश्यक भौतिक पूर्वाधारमा (सडक, विद्युत र पानी) नगरपालिकाबाट लगानी गरिने नीति अवलम्बन गरिनेछ।
- उद्यम व्यवसाय गर्न टोल विकास संस्था मार्फत् क्षमता विकास प्रविधि हस्तान्तरण, वित्तीय पहुँच र बजारीकरणका कार्यक्रमहरु सञ्चालन गरिनेछ।
- नवप्रर्वतनकारी युवा तथा अन्य उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशील युवाहरुलाई उद्यम व्यवसाय सुरु गर्न प्रोत्साहन गरिनेछ।
- उत्कृष्ट कृषक र उद्यमीहरुलाई प्रोत्साहन तथा पुरस्कारको व्यवस्था गरिनेछ।
- पर्याप्त आन्तरिक रोजगार भई नसकेको अवस्थामा बेरोजगारहरु लाई कृषि, भौतिक पूर्वाधार, स्थानीय पूर्वाधार, साना तथा मझौला उद्योग, उत्पादन मूलक उद्योग, निर्माण र सेवा क्षेत्रमा परिचालन गरिनेछ।
- संघीय सरकार र प्रदेश सरकारको समन्वयमा स्थानीय श्रोत साधनको उपयोग गरी कृषि तथा गैर कृषि उत्पादन, प्रशोधन, रोजगारी सृजना र स्थानीय समृद्धिको आधारको रुपमा लघु, घरेलु, साना तथा मझौला उद्योगहरु सञ्चालन र विस्तार गर्न अभिप्रेरित गरिनेछ।
- स्थानीय कच्चा पदार्थको उपयोगमा आधारित घरेलु उद्योगलाई प्रोत्साहन गरिनेछ
- कृषिजन्य तथा घरेलु उद्योगको स्थापना र सञ्चालनमा सरल र सहज वातावरण बनाउन जोड दिइनेछ।
- नगरपालिकाभित्र रहेका साना तथा मझौला उद्योगीहरुलाई आकर्षण गर्न विशेष कार्यक्रमको सञ्चालन गरिनेछ।
- उद्योग तथा व्यवसायिक क्षेत्रमा निजी क्षेत्रको लगानी प्रवर्द्धन गर्ने तथा लगानीमैत्री वातावरण सृजना गरिनेछ।
- घरेलु तथा साना उद्योगहरु सञ्चालन र व्यवस्थापन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

**१.४ पर्यटन :**

- **"आफ्नो काम आफ्नो रोजगार-कृषि, निर्माण र पर्यटन हाम्रो आधार"**भन्ने नारा सहित कृषि, भौतिक पूर्वाधार र पर्यटन क्षेत्रलाई पुतलीबजार नगरपालिकाको रोजगारी एवं विकासको आधार बनाईनेछ।
- यस नगरपालिकाले पर्यटन क्षेत्रमा कोभिड-१९ ले पारेको प्रभावको अध्ययन गरी पुनरुत्थान लगायत दिगो पर्यटनका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।
- नगरपालिका क्षेत्रभित्रको महत्वपूर्ण पर्यटकीय स्थानहरुको पहिचान गरी तिनकोविकास गरिनेछ। साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनको लागि पर्यटकीय गन्तव्यको प्रचार प्रसारमा जोड दिइनेछ।
- नगरपालिका क्षेत्रभित्र रहेका पर्यटकीय क्षेत्रहरुमा घरबास (Home Stay)कार्यक्रम सञ्चालन गर्ने नीतिलाई निरन्तरता गरिनेछ। सञ्चालनमा रहेका घरबास (Home Stay) हरुको क्षमता विकास र प्रवर्द्धन गरिनेछ।
- निजी क्षेत्रको सहकार्यमा पर्यटकीय भौतिक संरचना निर्माण गरी नगरको आय वृद्धि गर्ने नीति अवलम्वन गरिने छ।
- सांस्कृतिक विविधताको विकास गरी पर्यटक आकर्षण गर्ने तर्फ विशेष जोड दिइनेछ।
- आँधीखोला, अरौदीखोला र वाडखोलाको संगम स्थल"**त्रिवेणी धाम**"को यसै आ.व.मा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गरी आगामी वर्षबाट संघ तथा प्रदेश सरकार समेतको सहयोगमा निर्माण कार्यलाई अगाडि बढाईनेछ।
- धार्मिक, ऐतिहासिक तथा पर्यटकीय स्थलको विकास, प्रवर्द्धन र विस्तारको लागि विशेष योजना सञ्चालन गरिनेछ।

**१.५ पशु विकास**

- पशु सेवा व्यवसायलाई विविधीकरण र सम्मानित आयमूलक पेशाको रुपमा विस्तार गर्न उत्कृष्ट कृषक सम्मान तथा अनुदानका कार्यक्रम सञ्चालन गरिनेछ।
- नश्ल सुधारका कार्यक्रम सञ्चालन, उन्नत नश्लको व्यवसायिक पशुपंक्षीपालनका लागि कृषकहरुलाई प्रोत्साहन गरिनेछ। गाई, भैंसी, बाखा, बंगुर तथा कुखुरापालन गरी दुध, मासु र अण्डाको उत्पादन बढाइनेछ।
- नश्ल सुधारको लागि उन्नत जातको बोका वितरण गरिनेछ।
- कृतिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाउन कृतिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ।
- बाखाको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम अन्तरगत नयाँ कार्यक्रम सञ्चालन तथा सञ्चालन भई रहेका कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिनेछ । प्राविधिकहरु कृषकको खेत, बारी, गोठ तथा फर्म मै पुगी कृषि तथा पशुपंक्षीपालन सम्बन्धी प्राविधिक सेवा दिने व्यवस्था मिलाइने छ ।
- किसानलाई पशु बीमा गर्नको लागि आवश्यक सहजीकरण गरिनेछ ।
- सामुदायिककुकुर नियन्त्रण तथा व्यवस्थापन गरिने छ ।
- घरपालुवा पशुहरु वेवारिसे छाड्ने व्यक्तिको पहिचान गरी कडा कारबाही गरिनुका साथै छाडा पशु नियन्त्रण गरिने छ ।
- बाँदर व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ ।
- दुग्ध उत्पादक किसानहरुलाई दुधमा अनुदान दिने व्यवस्था गरिनेछ ।
- पशुपंक्षी सम्बन्धी विभिन्न किसिमका तथ्याङ्कहरु संकलन गर्ने व्यवस्था मिलाईनेछ ।
- दुध मिसन कार्यक्रम अन्तरगत भैंसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- मासु मिसन कार्यक्रम अन्तरगत बाख्रा प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिनेछ ।
- पशुपंक्षीहरुलाई आवश्यक खोपको व्यवस्था गरिनेछ ।

## १.६ वडा विकास कार्यक्रम :-

नगरपालिकाले **"उद्यमशिलता, रोजगारी र उत्पादन बृद्धि, हुन्छ नगरपालिकाको समृद्धि"** को नीति लिएकोछ । उपलब्ध श्रोत,साधन, पुँजी, सीप एवं प्रविधिको अधिकतम उपयोगबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने गरी साना तथा मझौला उद्योग तथा कृषि क्षेत्रमा वडा विकास कार्यक्रम मार्फत्देहाय बमोजिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- समुदायस्तरमा संगठन, वचत र सीपका आधारमा टोल विकास संस्थाको संस्थागत विकास गरी गरिवी निवारण, आयआर्जन, शसक्तीकरण र रोजगारीमा उल्लेख्य टेवा पु-याईनेछ ।
- आर्थिकको साथै समाज विकासको बाधकको रुपमा रहेका विभेद, पछौटेपन, कुरीतिहरुलाई निर्मुल गरी सामाजिक विकासलाई गति प्रदान गरिनेछ ।
- अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम गरी परम्परागत सीप र घरेलु कलालाई संरक्षण एवं सम्वर्द्धन गर्ने नीति लिइनेछ ।
- बैदेशिक रोजगार गुमाई फर्केका युवा उद्यमीहरुलाई सम्बन्धित टोल विकास संस्था मार्फत्उद्यम गर्नको लागि सामुहिक वा एकल रुपमा सहुलियत दरमा आवश्यक पर्ने घुम्ति कोष/सहुलियत ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।
- वडा विकास कार्यक्रमलाई समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणको मेरुदण्डको रुपमा स्थापित गरिनेछ ।

## १.७ *राजस्व परिचालन अभिवृद्धि*

- **"कर डर होइन, नगर विकासको भर हो"** भन्ने तथ्यलाई आत्मासाथ गर्दै नगरपालिकाको मेरुदण्डको रुपमा रहेको राजस्व बृद्धि गर्न करका दरमा वृद्धि गर्नु भन्दा कराधारमा वृद्धि गर्ने नीति लिईनेछ ।
- नगरपालिकाको आन्तरिक स्रोत अभिवृद्धिका लागि करका नयाँ स्रोतहरुको पहिचान गरी राजस्व अभिवृद्धि गर्नका लागि थप अध्ययन गरिनेछ ।
- फोहरमैला व्यवस्थापन शुल्क तथा घरबहाल कर संकलनमा टोलविकास संस्था मार्फत् राजस्व साझेदारीको अवधारणा अनुसार संकलन गर्ने व्यवस्था मिलाईनेछ ।
- राजश्वको चुहावट नियन्त्रणका लागि उपचारात्मक र प्रवर्द्धनात्मक उपायहरु अवलम्वन गरिने छ ।
- नगरबाट लिइने कर राजस्व, तथा गैर कर राजश्व आदि व्यवस्थित र नियमन गरिनेछ ।
- घर जग्गा पास, नक्सा पास, कर, राजस्व भुक्तानी र कुनै पनि सिफारिस लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।
- नगरपालिकाले जारी गरेको व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७७ बमोजिम व्यवसायकर असुली सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिकाले जारी गरेको घर बहाल कर व्यवस्थापन ऐन, २०७७बमोजिम घरबहाल कर असुली सम्बन्धी व्यवस्थालाई व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्रभित्रका बढी कर तिर्ने करदाताहरुलाई सम्मान गरिनेछ ।
- नगरवासीको हितलाई ध्यानमा राखी वडा कार्यालय तथा नगरबाट गरिने केही शीर्षकका सिफारिसहरुमा दस्तुर छुटको व्यवस्था गरिनेछ ।

- नगरपालिकाले निर्माण गरी बहालमा लगाएका भवन तथा सटरहरुमा भाडामा बस्ने व्यवसायीहरुलाई आर्थिक वर्ष २०७७/७८ को बहालमा निश्चित रकम छुट दिने व्यवस्था मिलाईनेछ ।

**१.८ रोजगारी सिर्जना तथा स्वरोजगार कार्यक्रम :**

- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई सीपयुक्त दक्ष जनशक्ति, रोजगारीको क्षेत्र र रोजगार सम्बन्धी अन्य कार्यक्रमहरुसँग आवद्ध गरी यथार्थ उत्पादन मूलक रोजगारी सिर्जना गर्ने बेरोजगार लक्षित अभियानको रुपमा कार्यान्वयन गरिनेछ ।
- सूचीकृत भएका बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूति गर्नका लागि कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना सञ्चालन गरीश्रममूलक अयोजना मार्फत् समुदायको विकास संगै सामाजिक संरक्षणको प्रत्याभुति गराइने छ ।
- दक्ष तथा सक्षम जनशक्तिको विकास गरि आन्तरिक रोजगारिको प्रवर्द्धन गर्न आवश्यक सीपमुलक तालिमको पहिचान गरि संघ तथा प्रदेश सरकारको समन्वयमा बेरोजगार व्यक्तिलाई तालिम प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।
- श्रम सम्बन्धलाई प्राथमिकता दिदै सार्वजनिक पुर्वाधार निर्माण, कृषि, व्यवसायिक उद्योग, वित्तीय क्षेत्रबाट रोजगारी सिर्जना गरिनेछ ।
- रोजगार सेवा केन्द्र सञ्चालन तथा व्यवस्थापनमा थप प्रभावकारी बनाइनेछ ।
- नगरस्तरीय योजनाहरु कार्यान्वयन गर्दा रोजगार सेवा केन्द्रमा सुचीकृत बेरोजगार व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिई काममा लगाईनेछ ।
- मेयरसंग रोजगार कार्यक्रम तथा उद्यमशिलता प्रवर्द्धनको लागि प्रस्तावको आधारमा सहयोग उपलब्ध गराईने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- बेरोजगार यूवाहरुलाई रोजगारयुक्त बनाउनु हाम्रो कर्तव्य हो । यसका लागि**श्रममा आधारित रोजगार कार्यक्रम** सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा कार्यरत मजदुरहरुको दक्षता, सीप र अनुभवको आधारमा अभिलेखन गरी श्रम बैङ्को स्थापना गरिनेछ । श्रम बैङ्मा सूचीकृत मजदुरहरुलाई उनीहरुको दक्षता, सीप र अनुभवको आधारमा निजी क्षेत्र तथा सरकारी क्षेत्रसंगको समन्वयमा काममा लगाउने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका क्षेत्रमा कार्यरत मजदुरहरुको जीवनस्तरमा सुधार ल्याउनको लागि मजदुर पेन्सन कार्यक्रमको प्रारम्भ गरिनेछ । यसको लागि छुट्टै कानून पारित गरी कार्यान्वयन गरिनेछ ।

*२. सामाजिक विकास क्षेत्र तर्फ :-*

गुणस्तरीय स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाई सेवामा सवै नगरवासीको समतामूलक पहुंच सुनिश्चितको लागि देहाय बमोजिमका नीति तथा कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।

**२.१ शिक्षा, युवा तथा खेलकुदः-**

**२.१.१ शिक्षा विकास :**

- सबै बालबालिकालाई विद्यालयको पहूँचमा ल्याउन विद्यालय सेवा क्षेत्र भित्रका बालबालिकाको सर्वेक्षण गरी सबै बालबालिकालाई विद्यालयमा ल्याईनेछ ।
- विद्यालय छाड्ने दरमा कम ल्याउन निशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै छात्रा छात्रबृत्ति, अपाङ छात्रवृत्ति, लोपोन्मुख छात्रवृति र उत्कृष्ट विद्यार्थीलाई नगर प्रमुख छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- माध्यमिक विद्यालयहरुमा विषयगत शिक्षक व्यवस्थापनका लागि मौजुदा रहेको माध्यमिक तहको दरबन्दी मिलान गर्दै सामुदायिक विद्यालयको आधारभूत तहलाई भूगोल तथा विद्यार्थी सख्याको आधारमा समायोजन गरी दरबन्दी मिलान गर्ने नीतिलाई निरन्तरता दिईने छ ।
- यसै शैक्षिक बर्ष २०७८ मा आधारभूत तहको कक्षा १ मास्थानीय पाठ्यपुस्तक लागु हुनेछ । आगामी शैक्षिक सत्रमा कक्षा २ मा नगरपालिकाको स्थानीय पाठ्यपुस्तक लागू गर्नका लागि आवश्यक तयारी गरिनेछ ।
- प्रारम्भिक बाल विकास शिक्षालाई प्रभाबकारी बनाउन प्रदेश सरकारसंगको साझेदारीमा नमूना बालविकास केन्द्र बनाउन जोड दिईनेछ । सिकाई सहजीकरण लाई प्रभाबकारी बनाउन बालशिक्षकहरुको पुर्नताजगी तालिमको व्यवस्था गरिनेछ ।

- उत्कृष्ट कार्य सम्पादन तथा उत्कृष्ट सिकाई उपलब्धि प्राप्त गर्ने विद्यालयलाई प्रोत्साहन अनुदान दिने तथा सो विद्यालयको व्यवस्थापन शिक्षण सिकाई अनुभब तथा उत्कृष्ट कार्य अनुभब नगर भित्रका अन्य विद्यालयलाई आदान प्रदान गर्ने वयवस्था मिलाईने छ ।
- सस्थागत विद्यालयहरुलाई नगरपालिकाबाट सञ्चालन गरिने हरेक शैक्षिक तथा अतिरिक्त कृयाकलापमा सलग्न गराउँदै सस्थागत सामुदायिक विद्यालयका असल अभ्यासहरुलाई अनुसरण गर्दै एक आपसमा असल अभ्यास साटसाट गर्ने व्यवस्था मिलाईने छ ।
- सस्थागत तथा सामुदायिक बिद्यालयहरुको शैक्षिक भौतिक तथा अन्य प्राविधिक पक्षको नियमित अनुगमन निरीक्षण तथा नियमन गरिनेछ । साथै कोभिड १९ लगायत अन्य आईपर्ने विपत जन्य परिस्थितिमा शिक्षण सिकाईलाई निरन्तरता दिन वैकल्पिक माध्यमको प्रयोगमा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयहरुमा मास्क, सेनेटाइजर तथा साबुन पानीको प्रयोगका लागि विद्यालयहरुलाई अनुदानको व्यवस्था मिलाईने छ ।
- वैकल्पिक माध्यमको रुपमा नेट ईन्टरनेटको प्रयोगका लागि माध्यमिक विद्यालयमा विद्यार्थी सख्याको आधारमा अनुदान तथा आधारभूत विद्यालयमा एक मुष्ट अनुदान व्यवस्था गरी त्यसको प्रभाबकारी प्रयोगमा विद्यालयलाई सकृय गराईनेछ ।
- विद्यार्थीमा अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि माध्यमिक र आधारभूत विद्यालयस्तरीय विभिन्न अतिरिक्त कृयाकलापहरु सचालन गरिनेछ ।
- माध्यमिक विद्यालयका विद्यार्थीद्वारा निर्मित शैक्षिक सामग्रीको प्रर्दशनीको आयोजना गरी क्षमता प्रर्दशन गर्ने मौका दिईनेछ ।
- विद्यालयका विभिन्न शैक्षिक तथ्याङकहरु एकीकृत शैक्षिक सूचना प्रणालीमा प्रविष्ट गर्नका लागि प्रबोधीकरण कार्यक्रम गरी शैक्षिक तथ्याङकमा भएको त्रुटी हटाइ थप शुद्धता ल्याउने प्रयास गरिनेछ ।
- नगर भित्रका सामुदायिक पुस्तकालयहरुको क्षमता अभिवृद्धिकालागि पत्रपत्रिका तथा नेट ईन्टरनेटका लागि सामुदायिक पुस्तकालयहरुलाई सहयोग गरिनेछ।
- विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रधानाध्यापक र विद्यार्थीहरुसंग मेयर कार्यक्रम मार्फत् गुनासा सुन्ने, अनुभव आदान प्रदान गर्ने तथा नयाँ कार्यक्रम तयका लागि सुझाब संकलन गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगर स्तरीय बिभिन्न कार्यक्रममा एक रुपता ल्याउन नगरको क्यालेण्डर तथा विद्यालयको निकासा र शैक्षिक गतिविधि सहित शैक्षिक दर्पण प्रकाशन गरी सूचनाको पहुँचमा सबैलाई ल्याइनेछ ।
- विद्यालयको अभिलेख तथा जिन्सी व्यवस्थापन र लेखा प्रणाली सुदृढीकरण साथै विद्यालय सुधार योजना निर्माणका लागि विद्यालायलाई प्राविधिक सहयोगका साथै अभिमुखीकरण तालिम सञ्चालन गरिनेछ।
- शिक्षण सिकाईलाई प्रभावकारी बनाइ अनुसन्धानात्मक शिक्षण सिकाईमा जोड दिने उद्धेश्यले प्रस्तावका आधारमा शिक्षकहरुलाई लघु (कार्यमुलक) अनुसन्धान गर्न लगाइ प्रतिस्पर्धाको आधारमा पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक सिकाई केन्द्रका परिचालकहरुलाई पोशाकमा ५० प्रतिशत अनुदान दिई पोशाकमा एकरुपता ल्याईनेछ ।
- सामुदायिक सिकाई केन्द्रका परिचालक, मर्दशाका शिक्षक र अध्यक्षहरुसँग अन्तरकृया कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- आधारभूत तहका मुख्य विषयहरुका विषय शिक्षकहरुलाई पाठ्यक्रमले निर्धारण गरेको विशिष्टीकरण तालिका वमोजिम प्रश्न पत्र निर्माणको अभिमुखीकरण गरी स्तरीकृत परीक्षा सञ्चालनका लागि उत्प्रेरित गरिनेछ । साथै आधारभूत विद्यालयमा एक जना शिक्षकलाई कम्प्युटर फोकल व्यक्ति तोक्नलगाई कम्प्युटर शिक्षण सम्बन्धी विशेष तालिमको व्यवस्था गरिनेछ ।
- बालबिकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई दिदै आएको खाजालाई निरन्तरता दिदै तोकिएको गुणस्तर तथा निरन्तरताको प्रभावकारी अनुगमनको व्यवस्था मिलाईनेछ ।

- विद्यालयहरुको शैक्षिक गुणस्तर सुदृढीकरण गर्दै शिक्षण सिकाईलाई प्रभाबकारी बनाउने उद्धेश्यले माध्यमिक विद्यालयहरु प्रविधि मैत्री बनाउने, बिज्ञान प्रयोगशाला तथा पुस्तकालयको अनिवार्य व्यवस्था गरी उचित प्रयोग गराउने कार्यलाई निरन्तरता दिइनेछ। यो नीतिलाई क्रमशः आधारभुत विद्यालयहरुमा लागू गरिनेछ।
- आधारभुत विद्यालयहरुलाई विज्ञान,अग्रेजी र गणितका शिक्षण सामग्री व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरिनेछ । साथै विषयगत समिति गठन गरी शिक्षण सिकाई लगायत ICTको प्रयोग, विज्ञान सामग्री र पुस्तकालयको प्रयोगको अनुगमन गरिनेछ।
- महिनाबारीको कारण विद्यालयमा छात्रालाई पर्ने असहज परिस्थितिको निराकरण गरी पढाईमा निरन्तरता तथा विद्यालय छाड्ने परिस्थितिको अन्त्यका लागि सामुदायिक विद्यालयका छात्राहरुलाई स्यानीटरी प्याड निशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- विद्यालयमा कार्यरत महिला शिक्षकले सुत्केरी बिदा लिदा पढाईमा हुने क्षतिलाई न्यूनीकरण गर्न कार्यविधि बनाई सुत्केरी सट्टा शिक्षकको व्यवस्था गरिनेछ।
- माध्यमिक तह (कक्षा ९ र १०), आधारभूत तह (कक्षा ६ देखि ८) सम्म सञ्चालित विद्यालयहरुमा अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान दिई अग्रेजी, गणित र विज्ञान विषय शिक्षणमा सहजीकरण गरिनेछ।
- उच्च शिक्षामा प्राविधिक विषय अध्ययन गरिरहेका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई छात्रवृतिको व्यवस्था गरिनेछ।
- Covid 19 को कारण बाबु आमा तथा अविभावकको मृत्यु भई बेसहारा भएका बालबालिकाको शिक्षा, स्वास्थ्य लगायत संरक्षणको काम नगरपालिकाले गर्ने व्यवस्था मिलाईनेछ।

**२.१.२ युवा विकासः**

- उर्जाशील युवावर्गलाई उद्धमशील बनाउन आवश्यक सीपमूलक तालिम तथा परामर्शका कार्यक्रम सञ्चालन गरिनेछ।
- युवामा स्वयंसेवी भावना तथा सामाजिक जिम्मेवारी बोध गराउन युवा स्वयंसेवक परिचालनमा जोड दिइनेछ । सामाजिक क्रियाकलापमा युवाको संलग्नता बढाउने कार्यक्रम सञ्चालन गरिनेछ।
- युवामा सकारात्मक सोच विकास गरी स्थानीयस्तरमा उपलब्ध सम्भावना र अवसर प्रति आकर्षित गरिनेछ।
- श्रमको सम्मान गर्ने संस्कृति विकास गर्न उद्धमी तथा स्वरोजगार युवालाई सम्मान र प्रोत्साहन गरिनेछ।
- उमेर पुगेका किशोर किशोरीहरुलाई लक्षितगरी लागुऔषध प्रयोग तथा यौनजन्य हिंसालाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
- युवा सञ्जालहरुलाई खेलकुदका सामानहरु उपलब्ध गराइनेछ।
- बेरोजगार सुचीमा सुचीकृत युवालाई स्वरोजगार वनाउन पारित योजनालाई प्राथमिकताकासाथ अगाडि बढाइनेछ।

**२.१.३ खेलकुद विकासः**

- आधारभुत तहमा अध्ययनरत विद्यार्थीहरुको बीचमा विभिन्न खेलकुद प्रतियोगिता गरी उत्कृष्ट खेलाडीहरु पुरस्कृत गरिनेछ र सानै उमेरबाट बालबालिकामा खेलप्रतिको मोह जगाउने साथै स्वस्थ्य रहने बानीको विकास गरिनेछ।
- माध्यमिक विद्यालयस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितालाई निरन्तरता दिई विभिन्न खेलका उत्कृष्ट विद्यार्थीहरु छनौट गरी प्रदेशस्तर र राष्ट्रियस्तरका विभिन्न खेलहरुमा सहभागी गराई नगरबाट खेलाडीहरु उत्पादन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।
- खेलकुद विकास समिति, विभिन्न संघसंस्था तथा खेलकुद क्लवहरुसंगको समन्वयमा नगरस्तरीय र वडास्तरीय खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ।
- खेलकुद सामग्री अभाव भएका विद्यालयहरुमा खेलकुद सामग्री उपलब्ध गराउन प्राथमिकता दिइनेछ ।नगर तथा वडास्तरीय खेलकुद प्रतियोगिताकोलागि खेलसामग्रीको उपलब्धताहुने वातावरण मिलाइनेछ।
- खेल पूर्वाधार विकासकोलागि विद्यालयहरुमा खेलमैदानको पूर्वाधार विकासमा जोड दिइनेछ।
- अन्तर्राष्टिय, राष्टिय तथा प्रदेशस्तरीय खेलमा पदक जित्ने खेलाडीलाई पुरस्कारकृत तथा सम्मान गरिनेछ।
- नगरपालिकाका प्रथम मेयर उमेशचन्द्र थापाको स्मृतिमा**स्व.उमेशचन्द स्मृति मेयर कप** खेलकुद प्रतियोगितालाई निरन्तरता दिइनेछ।
- निर्माणाधीन मालेबगर खेलमैदान, कभर्ड हल तथा रजस्थल खेलमैदानलाई निर्माण सम्पन्न गरिनुका साथै वडा तथा नगरस्तरमा निर्माणधीन खेलमैदानहरुको निर्माण कार्य सम्पन्न गरी थप स्तरोन्नति गरिनेछ।

## २.२ स्वास्थ्य :-

- कोरोना नियन्त्रण, रोकथामको साथै कोरोनाबाट संक्रमित बिमारीको व्यवस्थापनमा आवश्यक स्रोतसाधनको उचित व्यवस्था गरिनेछ ।
- कोरोना नियन्त्रण, रोकथाम तथा स्वस्थ्य उपचारमा खटिने स्वास्थ्यकर्मीलाई स्वास्थ्य सुरक्षा सामग्रीहरुको अभाव नहुने गरी व्यवस्था गरिनेछ ।
- यस विषम परिस्थितिमा कोरोना नियन्त्रण, रोकथाम तथा स्वास्थ्य उपचारमा खटिने स्वास्थ्यकर्मीलाई प्रोत्साहित गर्न उचित प्रोत्साहन भत्ता उपलब्ध गराईनेछ ।
- निर्माण सम्पन्न भएका शहरी आधारभुत स्वास्थ्य केन्द्रहरुलाई जनशक्ति तथा स्रोतसाधनको व्यवस्था गरी सञ्चालन गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट निशुल्करुपमा वितरण हुने औषधीहरुको कमी हुन नदिन आवश्यक व्यवस्था मिलाईनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुबाट उपलब्ध गराईरहेको सेवामा विस्तार गर्दै आवश्यक उपकरणको व्यवस्था मिलाई साधन सम्पन्न गराईनेछ ।
- शिशु मृत्युदर, बालमृत्युदर र मातृमृत्युदर घटाउन स्वास्थ्य संस्थाहरुमा २४ घण्टे प्रसुति सेवालाई प्रभावकारी बनाउन स्रोत साधन सम्पन्न गर्नुका साथै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- अत्यावश्यक स्वास्थ्य सेवाको पहुँच विस्तार गरी गुणस्तर अभिबृद्धि गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ ।
- स्वास्थ्य चौकीमा रहेका प्रयोगशाला सेवालाई आवश्यक जनशक्तिको व्यवस्था गरी सञ्चालन गरिनेछ ।
- खोप सेवा बालबालिकाको नैसर्गिक अधिकारको रुपमा स्थापित भएकोले गुणस्तरीय खोप सेवा सञ्चालनको लागि स्रोत साधन सहितको खोप केन्द्र स्थापना गर्दै लगिनेछ ।
- विद्यालयस्तरमा स्वास्थ्य साक्षरता सम्बन्धी सचेतना कार्यक्रमहरुलाई थप प्रभावकारी बनाइनेछ ।
- स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने प्रवर्धानात्मक, उपचारात्मक, प्रतिकारात्मक सेवालाई थप सुदृढीकरणको लागि विभिन्न किसिमका स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकारको प्राथमिकतामा रहेका स्वास्थ्य कार्यक्रमहरुलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- स्वास्थ्य सेवासंग सम्बन्धित विभिन्न संघ संस्थाहरुसंग समन्वय गरी स्वस्थ्य समाज निर्माणको लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- सबै सामुदायिक विद्यालयहरुमा प्राथमिक उपचारको लागि आवश्यक औषधी सहितको किट बक्स उपलब्ध गराईनेछ ।
- ६० वर्ष उमेर पुरा भएका महिला स्वास्थ्य स्वयंसेवीका सेवा निवृतहुँदा संघीय कानून बमोजिम उपलब्ध हुन सक्ने सुबिधाका अतिरिक्त नगरपालिकाको तर्फबाट थप सुबिधा प्रदान गरी सेवानिवृत प्रक्रियालाई अनिवार्य गरिनेछ ।
- खोप केन्द्र तथा गाउँघर क्लिनिकको लागि आवश्यक स्रोत साधनको व्यवस्था गर्दै लगिनेछ ।
- पूर्ण खोप सुनिश्चितताको लागि समुदाय सर्भेक्षण गरिनेछ ।
- गर्भवती महिलाहरुलाई क्याल्सियम वितरण गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सुत्केरी आमा पोसिलो खाना कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरुको क्षमता अभिवृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- प्रत्येक वडामा क्रमशः स्वास्थ्य संस्था स्थापना गर्दै लगिनेछ ।
- नगरपालिकामा आगामी वर्ष एउटा एम्बुलेन्स खरिद गरी सञ्चालनमा ल्याईनेछ ।
- जेष्ठ नागरिकहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गरी सञ्चालन गरिएको जेष्ठनागरिक मासिकस्वास्थ्य परीक्षण तथा निशुल्क औषधी वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- Covid-19 को कारण मृत्यु हुने व्यक्तिका परिवारलाई काजक्रिया खर्चवापत् निश्चत रकम उपलब्ध गराईनेछ ।
- नगरपालिका क्षेत्रभित्रका सवै नागरिकहरुका लागि कोरोना विरुद्धको खोपको आवश्यक पहल गरिनेछ ।

## २.३ लक्षित समुदाय, सामाजिक सुरक्षा तथा समावेशीकरणः-

### २.३.१ महिला विकास :

- महिलाहरुको लागि विभिन्न सीप विकास, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकल महिलाहरुका लागि विभिन्न सीपमूलक कार्यक्रमहरु, सचेतनामूलक कार्यक्रमहरु, आयआर्जनका कार्यक्रमहरु सञ्चालन गरी स्वरोजगारको लागि उत्प्रेरित गरिनेछ ।

- बालबच्चा भएका महिला कर्मचारी साथै महिला सेवाग्राहीहरुको सुविधालाई ध्यानमा राख्दै कार्यालयमा स्तनपान कक्षको व्यवस्था गरिनेछ ।
- विपन्न, दलित, आदिवासी जानजाति महिलाहरुको लागि मागमा आधारित सीपमूलक तालिम उपलब्ध गराईनेछ ।
- महिला उद्यमीहरुलाई उद्योग, व्यवसाय दर्ता, सञ्चालन तथा बजारीकरणको लागि आवश्यक सहयोग, समन्वय तथा सहजीकरणको लागि महिला उद्यमशीलता सहजीकरण केन्द्रको स्थापना गरी सञ्चालन गरिनेछ ।
- UNDP को साझेदारीमा Temporary Basic Incom (अति विपन्न महिला लक्षित) कार्यक्रम सञ्चालन गरी लक्षीत समूहका महिलाहरुको आय आर्जनमा वृद्धि गरिनेछ ।
- महिलाहरुलाई लक्षित गरी लोकसेवा आयोग तयारी कक्षा सञ्चालन गरिनेछ ।

**२.३.२ अन्य लक्षित समुह**

- समाज विकासको हरेक क्षेत्रमा पछाडि परेका लक्षित समुदायलाई विकासको मुल प्रवाहमा समाहित गर्न सीपमुलक तथा क्षमता अभिवृद्ध कार्यक्रमहरु सञ्चालन गर्दै रोजगारीको सिर्जना गरिनेछ ।
- दलित, अपाङ्ग, पिछडिएको समुदाय, आदिवासी जनजातीहरुको लागि विभिन्न सीप विकास, क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।
- अपाङ्गहरुको लागि आय आर्जनमा वृद्धी गर्नका लागि कार्यक्रम सञ्चालन गरिनेछ ।
- विभिन्न लक्षित समुह अन्तरगतका कार्यक्रमहरु–जेष्ठ नागरिक, दलित, अपाङ्ग सम्मान, अपाङ्गहरुको लागि सहायोगी सामग्री वितरण सम्बन्धी योजनामाउपभोक्ता लागत सहभागिता जम्मा गर्न नपर्ने नीति अपनाईनेछ ।
- प्रत्येक वडाका बाल क्लबहरु तथा नगरको बाल संजालको पुर्नगठन गरिनेछ ।
- वडास्तरीय बालक्लब तथा नगरस्तरीय बालसञ्जालका सदस्यहरुलाई अभिमुखीकरण कार्यक्रम सञ्चालनको साथै स्रोत साधन उपलब्ध गराईनेछ ।
- नगरपालिकालाई बालमैत्री बनाउन बालमैत्री नगरका सूचकहरु पुरा गरेका कम्तीमा २ वटा वडालाई बालमैत्री वडा घोषणा गरिनेछ ।
- बालमैत्री घोषणा हुने वडालाई पुरस्कृत गरिनेछ । त्यस्तो रकम बालमैत्री दिगोपना तथा बालबालिका कै क्षेत्रमा खर्च गर्न पाउने व्यवस्था गरिनेछ ।
- बालश्रम मुक्त नगरपालिका घोषणा गर्नको लागि नगरपालिका क्षेत्रमा रहेका बाल श्रमिकहरुको तथ्याङ्क संकलनको कार्य गरिनेछ ।
- सबै नगरवासीको जीवन सुरक्षित मर्यादित तथा गुणस्तरीय बनाउनका लागि नगरपालिकाका विभिन्न तह र निकाय तथा संघ/संस्थाहरुबाट सञ्चालित सामाजिक सुरक्षा र संरक्षणका कार्यक्रमहरुलाई एकीकृत रुपमा कार्यान्वयनमा ल्याइनेछ ।
- एकल महिला, अशक्त, बृद्धबृद्धा र फरक क्षमता भएका व्यक्तिहरुको सामाजिक सुरक्षाभत्ता वितरणलाई थप सहज वनाउन वैंकिङ संस्थाहरुसंग सहकार्य गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माण गर्दा लैङ्गिक मैत्री, बालमैत्री तथा अपाङ्ग मैत्री बनाउन लगाईनेछ ।
- फरक क्षमता भएका व्यक्तिहरुलाई व्यवसाय सञ्चालन गर्न प्रेरित गर्नको लागि कर तथा दस्तुरहरुमा छुटको व्यवस्था गरिनेछ ।
- आफ्नो हेरचार आफै गर्न नसक्ने वा श्रम गर्न नसक्ने अति अशक्त, असाहाय तथा अपाङ्गता भएका व्यक्तिहरुको हेरचाह तथा स्याहार सुसारको लागि खटिने व्यक्तिलाई उपलब्ध गराइदै आएको सामाजिक संरक्षणको व्यवस्थालाईनिरन्तरता दिईनेछ ।
- विभिन्न जातजाति, धर्मालम्वी, कला संस्कृतिको जगेर्ना, संरक्षण र प्रबर्द्धन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- समाजमा वर्गीय, जातीय, लैंगिक, दृष्टिकोणबाट पछाडि पारिएका एवं एकल महिलाको आयआर्जनको निम्ति उनीहरुलाई सामाजिक परिचालन कार्यक्रमका गतिविधिसँग विशेष ढंगले जोडिने नीति लिइनेछ ।
- महिला तथा फरक क्षमता भएका व्यक्ति, समुह तथा संस्थाद्धारा उत्पादित सामग्रीहरुको गुणस्तर प्रवर्द्धन र बजार पहुँचको सुनिश्चितता गरिनुका साथै कोशेलीघर सञ्चालन र व्यवस्थापनमा आवश्यक सहयोग गरिनेछ ।
- समाजमा रहेका विभिन्न किसिमका विभेद तथा छुवाछुत अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।
- जेष्ठ नागरिक तथा पूर्ण आपाङ्गहरुको लागि घरदैलो स्वास्थ्य सेवा सञ्चालन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

- जेष्ठ नागरिक परिचयपत्र तथा आपाङ्गता भएका व्यक्तिहरुलाई परिचयपत्र बनाउन नगरपालिकासम्म आवत जावत गर्न कठिनाई भएको महशुस गरी उनीहरुको सुबिधाको लागि प्रत्येक वडामा जेष्ठ नागरिक परिचयपत्र तथा आपाङ्ग परिचयपत्र वितरण सिविर सञ्चालन गरिनेछ ।
- अलपत्र बेवारिसे नागरिकहरुको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

**२.३.३ गरिवी निवारण कार्यक्रम :**

- आर्थिक रुपले अति विपन्न श्रमिक तथा मजदुरलाई रोजगारी उपलब्ध गराउन श्रममूलक प्रविधिको प्रयोग गरी कार्यान्वयन गरिने आयोजनालाई प्राथमिकता दिईनेछ ।
- विपन्न तथा लक्षित समुदायको आय आर्जन, सीप विकास र रोजगारी अभिवृद्धि गराउने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्युतीकरणको पहुँचबाट टाढा रहेका आर्थिक रुपले अति विपन्न परिवार तथा भूमिहीन परिवारहरुलाई विद्युत जडानको लागि विद्युत मिटर खरिद गर्दा लाग्ने शुल्क नगरपालिकाको तर्फबाट व्यहोरिनेछ ।
- विपन्न परिवारलाई लक्षित गरी त्यस्ता परिवारहरुको आर्थिक विकास सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपन्न तथा लक्षित वर्गको लागि जनता आवास कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका भित्रका अति विपन्नका लागि किफायती र वातावरण मैत्री आवास उपलव्ध गराउन सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**२.३.४ भूमि व्यवस्था :**

- नगरपालिका क्षेत्रमा बाँझो रहेको खेती योग्य जग्गाको लगत संकलन गरी भूमि बैङ्कको स्थापना गरिनेछ ।
- भूमि बैङ्कमा अभिलेखीकरण भएको बाँझो रहेको खेतीयोग्य जमिनमा खेती गर्नको लागि व्यक्ति वा समूहलाई प्रोत्साहित गरिनेछ ।
- भूमि बैङ्कमा अभिलेखीकरण भएको बाँझो रहेको खेती योग्य जमिनलाई लिजमा खेती गर्न उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

**४. *<u>भौतिक पूर्वाधार विकास क्षेत्र तर्फ</u> :-***

**४.१. भौतिक पूर्वाधार :**

यस नगरपालिकाले नगरवासीको जीवनयापनलाई सहज बनाउने गरी सडक, उर्जा, सिंचाई र शहरी पूर्वाधारहरुको विकासलाई उच्च प्राथमिकता दिएईको छ । माथि उल्लेखित पूर्वाधार विकासका लागि निम्नानुसारका नीति तथा कार्यक्रमको निर्धारण गरिएकोछ :-

- वडाकेन्द्र जोड्ने गरी सञ्चालन भएका वहुवर्षीय रुपमा ठेक्का सम्झौता भएका योजनालाई प्राथमिकता दिइ बजेट विनियोजन गरिनेछ ।
- नगर क्षेत्र भित्रका सडकहरु नियमित रुपमा मर्मत सम्भार गर्नका लागि आवश्यक बजेटको साथै समपुरक कोषको व्यवस्था गरिनेछ । निर्माण भई सकेका सडकहरुको स्तरोन्नति गर्दै लगिनेछ ।
- नगर क्षेत्रभित्र आवश्यकताको आधारमा बाटो, पुल र ढल निर्माण कार्यलाई क्रमिकरुपमा अगाडि बढाईनेछ ।
- सामुदायिक विद्यालय तथा सरकारी निकायहरुको पूर्वाधार विकास तथा अन्य प्रवर्द्धनात्मक कार्यमा लागत साझेदारी गर्न लगाईने छैन ।
- आयोजना व्यवस्थापनलाई सुदृद्ध बनाई नगरपालिका भित्र सञ्चालनमा रहेका र सञ्चालन हुने विकास आयोजनाहरु निर्धारित समय, लागत र गुणस्तरमा सम्पन्न गरिनेछ ।
- विभिन्न उपभोक्ता समिति तथा निर्माण व्यवसायीबाट आयोजना सञ्चालन गर्दा बनी रहेका पूर्वाधारमा क्षति भएमा सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायीबाट मर्मत तथा संभार गर्न लगाईनेछ ।
- वडाहरुको समन्यायिक विकासको लागि प्रत्येक वडालाई निश्चित मापदण्ड तयार गरी बजेट बाँडफाड एवं कार्यान्वयनको व्यवस्था मिलाईनेछ ।
- अत्यावश्यक पूर्वाधारको अभाव रहेका स्थानहरुमा नयां पूर्वाधार निर्माण गरिनेछ । विद्यमान पूर्वाधारहरुको क्षमता विस्तार, गुणस्तर सुधार, स्तरबृद्धि एवं समयमानुकुल मर्मत सम्भार गरिनेछ ।
- मानवबस्ती, कृषि योग्य जमिन र अन्य श्रोत सम्पदालाई क्षति हुनबाट बचाउन नदी नियन्त्रणका विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

- शहरका मूख्य स्थानहरुमा सिसि क्यामराको जडान गरी सुरक्षा व्यवस्थामा टेवा पुर्‍ईनेछ ।
- **“पुतलीबजार नगर, उज्यालो शहर”** हाम्रो अभियान हो । यो अभियानलाई साकार बनाउन सबै प्रमुख शहरी क्षेत्र, राजमार्ग तथा वार्ड केन्द्रहरुमा बत्ती जडान गर्ने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।
- गण्डकी प्रदेश सरकारको पुतलीबजार नगरपालिकालाई Satelite Sityबनाउने कार्यमा आवश्यक सहयोग र समन्वय गरिनेछ ।
- नेपाल विद्युत प्राधिकरणको सहयोग तथा समन्वयमा नगरपालिका क्षेत्रमा विद्युतका काठका पोलहरुलाई विस्थापन गरी स्टिलका पोल राख्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकावाट विगतदेखि नै शुरुवात भई सञ्चालनमा रहेका नगर गौरव लगायतका क्रमागत र अधुरा योजनाहरुलाई सम्पन्न गर्ने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- पुतलीबजार नगरवासीलाई एकघर एक धारा सहित सफा, स्वच्छ र शुद्ध पिउने पानीको व्यवस्था मिलाइनेछ । चालु क्रमागत योजनाहरु सम्पन्न गरी सम्भाव्यताका आधारमा प्राथमिकीकरणमा परेका बाँकी योजनाहरु क्रमशः कार्यान्वयनमा ल्याईनेछ ।
- उपभोक्ता समितिको सहजताको लागि निश्चित लागतसम्मका योजना तथा कार्यक्रम वडा कार्यालयबाटै सम्झौता गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाईनेछ ।
- वडा कार्यालयको प्रशासनिक भवन नभएका वडाहरुमा कार्यालय भवन निर्माण गर्ने कार्यलाई प्राथमिता दिइने छ ।
- सडक लगायतका पूर्वाधार निर्माण गर्दा वायोइन्जिनियरिङ प्रविधिद्वारा वातावरण संरक्षण तथा भुक्षय नियन्त्रण गर्ने कार्यलाई समावेश गरिनेछ ।
- सडक सम्बन्धी योजना सञ्चालन गर्दा मापदण्ड पुरा भएका सडकहरुमा कम्तिमा ६० प्रतिशत काम पक्की संरचना सम्बन्धी कार्य गर्ने गरी सञ्चालन गरिनेछ ।
- वैकल्पिक उर्जाको विकास तथा प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
- आ.व.२०७८/७९ मा सम्झौता भई कार्यान्वयन हुने अन्य योजनाहरुमा जनसहभागिताको अंश गत आ.व.को १० प्रतिशतलाई यथावत कायम गर्ने व्यवस्था मिलाईनेछ ।
- श्रममुलक प्रविधिमा आधारित टोल विकास संस्थाको चारकिल्ला भित्रका योजनाहरु सञ्चालनमा टोल विकास संस्थाहरुलाई नै प्रोत्साहित गरिनेछ ।
- कुनै पनि योजनामा उपभोक्ताबाट लागत सहभागिता जुटाउन नसकिने भई नगरपालिका कै तर्फबाट योजना कार्यान्वयन गर्नको लागि सम्बन्धित वडा कार्यालयले सिफारिस गरेमा नगरपालिकाले ठेक्का बन्दोबस्त गरी योजना सञ्चालन गर्नेछ ।
- कालोपत्रे तथा पक्की सडक, पुल, कल्भर्ट लगायतका उच्च प्रविधि र हेभी मेसिनरी ईक्यूपमेण्टहरु प्रयोग गरी निर्माण गर्नु पर्ने योजनाहरु नगरपालिका आफैले निर्माण गर्ने व्यवस्था मिलाउने छ ।
- उपभोक्ता समिति वा टोलविकास संस्थाले योजनाको सम्झौता गरी कुनै निर्माण व्यावसायीलाई काम गराएको पाईएमा त्यस्ता योजनाको उपभोक्ता समिति वा टोलविकास संस्थासंगको सम्झौता कार्यालयले कुनै पनि समय तोडन सक्नेछ । त्यसरी सम्झौता तोडिएको उपभोक्ता समिति वा टोलविकास संस्थाललाई कुनै किसिमको रकम भुक्तानी दिन बाँकी रहेमा त्यस्तो रकम भुक्तानी दिईने छैन । टोलविकास संस्थाले यस्तो काम गरेको पाईएमा त्यस्तो टोलविकास संस्थको दर्ता खारेज गरिनेछ ।
- नगरपालिकाबाट सञ्चालित योजना र प्रधानमन्त्री स्वारोजगार कार्यक्रमलाई समन्यात्मक रुपमा सञ्चालन गरिनेछ ।
- भवन तथा संरचना निर्माणको साथै सडक पूर्वाधार निर्माण गर्दा अपनाउनु पर्ने मापदण्ड यसै सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्नै व्यवस्था मिलाईनेछ ।
- नगरयोजना कार्यान्वयन गर्दा योजनाको सम्झौता तथा योजना फरफारक गर्दा pre- project/post project photoको नीतिलाई कार्यान्वयनगरिनेछ ।
- योजना सम्झौता नगरी योजना कार्यन्वयन गरेको पाईएमा त्यस्ता उपभोक्ता समितिसंग योजना सम्झौता गरिने छैन । क्रमागत र बहुवर्षीय योजनाहरु बाहेक यस आ.व.को लागि स्वीकृत भएका तर कार्यान्वयन नभएका कुनै पनि योजना आगामि बर्ष कार्यान्वयन गरिने छैन ।
- कार्यक्रम सञ्चालन गर्दा तोकिएको मापदण्ड बमोजिम तोकिएको समयमा नै योजना सम्पन्न तथा फरफारक गर्ने उपभोक्ता समितिलाई सूचकाङ्कहरु तयार गरी सम्मान गरिनेछ ।

### ४.२ घर नक्सा पास :

- नगरपालिकामा सरकारी, गैरसरकारी तथा निजी घर, भवन निर्माण गर्ने निर्माण व्यवसायीलाई निर्माण व्यवसायी समितिसंगको सहकार्यमा भुकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र भवन निर्माण गर्ने निर्माण व्यावसायी नगरपालिकामा सूचीकृत तथा नवीकरण भएको र नगरपालिका वा नेपाल सरकारबाट मान्यताप्राप्त संस्थाबाट भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी तालिम प्राप्त व्यक्ति वा संस्थालाई मात्र स्वीकृति दिईनेछ । नगरपालिकामा सूचीकृत नभएको र तालिम प्राप्त नभएका निर्माण व्यावसायीबाट भवन तथा भौतिक संरचना निर्माण गर्ने व्यक्ति तथा संस्थालाई निर्माण सम्पन्न प्रमाण पत्र प्रदान गरिनेछैन ।
- घर सम्पन्न प्रमाणपत्र प्रदान गर्दा घरको फोटो निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका तथा वडा कार्यालयबाट घर तथा भौतिक संरचनाको घरबाटो सिफारिस, चारकिल्ला सिफारिस, पुर्जामा फोटो प्रमाणित, पानी, विद्युत तगायतका सेवाको लागि सिफारिस गर्दा नक्सा अभिलेखीकरण तथा नक्सापास भएको प्रमाण पेश गर्नु पर्ने व्यवस्थालाई लागु गरिनेछ।
- घर तथा भौतिक संरचनाहरु अभिलेखीकरण गर्दा थप दस्तुर लिने व्यवस्थालाई निरन्तरता दिईनेछ ।
- कुनै निर्माण व्यवसायीले नगरपालिकाबाट स्वीकृत नक्सा तथा डिजाईन विपरित घर तथा भौतिक संरचना निर्माण गरेको पाईएमा निजलाई नगरपालिकाबाट प्रदान गरिएको ईजाजत पत्र खारेज गरिनेछ ।

## ५. *वन वातावरण, विपद व्यवस्थापन र सरसफाई क्षेत्र तर्फ :–*

### ५.१ वन तथा वातावरण संरक्षण

- नगरपालिका क्षेत्र भित्र सञ्चालित तोकिएको मापदण्डमा परेका विभिन्न योजनाहरुको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय अध्ययन गर्ने व्यवस्था मिलाईनेछ ।
- नगरपालिका क्षेत्रभित्र खानेपानी, वायु, ध्वनि, माटोको गुणस्तर मापन सूचकहरुको बारेमा शिक्षण संस्थाका विद्यार्थीहरुलाई प्रयोगात्मक सिकाईका लागि प्रोत्साहन गरिनेछ ।
- विद्यालयहरुमा जलवायु परिवर्तन सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुले वार्षिक रुपमा वन पैदावारको उपयोग तथा बिक्री सम्बन्धी कार्ययोजना नगरसभाबाट पारित गर्नु पर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । वन पैदावारको उपयोग तथा बिक्री सम्बन्धी कार्ययोजना नगरसभाबाट पारित नगराउने सामुदायिक वन उपभोक्ता समितिलाई नगरपालिकाबाट उपलब्ध गराउने कुनै किसिमको सुबिधा उपलब्ध गराईनेछैन ।
- खोला, खोल्सा, सार्वजनिकस्थल तथा नालाहरुमा भएको अतिक्रमणलाई हटाई त्यस्ता स्थानहरुलाई सार्वजनिक प्रयोगमा ल्याईनेछ ।
- पूर्वाधार विकाससंग सम्बन्धित योजना सञ्चालन गर्दा वातावरणमैत्री हिसाबले सञ्चालन गरिनेछ ।
- यसै वर्ष वातावरणीय अध्ययन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।
- जैविक विविधताको संरक्षण एवं प्रवर्द्धनको कार्यक्रम सञ्चालन गरिनेछ । वातावरण र विकास बीच सन्तुलन कायम हुने गरी विकास कार्यक्रम तथा आयोजना सञ्चालन गरिनेछ ।
- ठूला पूर्वाधारका योजना सञ्चालन गर्दा वातावरण संरक्षण ऐन नियमका प्रावधान अवलम्वन गरिनेछ ।
- नगर गौरवका सडकहरु निर्माण गर्दा वातावरण संरक्षण सम्बन्धी कार्यलाई समेत लागत अनुमानमा समावेश गर्ने व्यवस्था गरिनेछ ।
- खानेपानीका मुहान तथा टंकीहरुको सरसफाई र पानी शुद्धीकरण गर्न आवश्यक सचेतना मूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बाढी, पहिरो नियन्त्रणका लागि तटबन्ध लगायतका कार्यलाई निरन्तरता दिइनेछ ।
- सामुदायिक वनको संरक्षण र सम्वर्द्धन गरिनुका साथै सामुदायिक वनका पदाधिकारीहरुको व्यवस्थापकीय क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सरसफाई केन्द्र परिसर र नगरपालिका कार्यालय परिसरमा थप सौन्दर्यीकरणका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- खाली प्रति जग्गाको संरक्षण तथा रुख विरुवा रोपण कार्यलाई अगाडि बढाइनेछ ।
- भूक्षय, नदीकटान र बाढीपहिरो नियन्त्रण कार्यमा साझेदारिता र सहकार्यका योजनाहरु सञ्चालनमा जोड दिइनेछ ।
- सिद्धार्थ राजमार्गको दायाँ/बाँया (८२ फिट भित्र) सुन्तला/कागती लगायतका फलफूलका बिरुवा रोपण गरी संरक्षण गरिनेछ ।

- स्थानीय वन ऐनलाई यसै नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याईनेछ ।
- पूर्णसरसफाईयुक्त नगरपालिका घोषणाको लागि पुरा गर्न बाँकी सूचकहरु कार्यान्वयन गरी नगरपालिकालाई पूर्ण सरसफाईयुक्त नगरपालिका घोषणा गरिनेछ ।

## ५.२ विपद् व्यबस्थापन :–

- विपद् व्यवस्थापनको लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्नुको साथै आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।
- विपद् व्यवस्थापनका लागि सम्बन्धित संस्थाको सहयोगमा कार्यक्रम तयार गरी सञ्चालन गरिनेछ
- विपद् पछिको उद्दार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि विभिन्न निकायहरुको सहकार्यमा विपद् प्रतिकार्य तालिम सञ्चालन गरिनेछ ।
- विपद् पछिको उद्दार कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउनको लागि आवश्यक साधन स्रोतको व्यवस्था गरिनेछ ।
- बारुणयन्त्र जे.सी.भी. लगायतका उपकरणको सञ्चालन र व्यवस्थापनमा नागरिकको सहज पहुँच स्थापित गरिनेछ ।
- वडास्तरमा गठित विपद् व्यवस्थापन समितिलाई थप व्यवस्थित र क्रियाशील गराईनेछ ।
- जलाधार क्षेत्र संरक्षण र नदी नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- विपद् पिडीतहरुका लागि विगत बर्षहरुमा दिईदै आएको सहयोगलाई कानूनमा आवश्यक संशोधन गरी सहज तरिकाले वितरण गर्ने व्यवस्था मिलाईनेछ ।
- विपद् व्यवस्थापनका लागि सवै वडाहरुमा पहिचान भएका खुल्ला सार्वजनिक स्थलहरुको व्यवस्थापन गरिनेछ ।
- वातावरण तथा विपद् व्यवस्थापनका लागि आबश्यक निर्देशिका बनाई वातावरण तथा विपद् व्यवस्थापन कोषलाई थप व्यवस्थित गरी परिचालन गरिनेछ ।
- विपद् पूर्व र विपद् पश्चात् प्रतिकार्य योजनाका लागि आवधिक रणनैतिक योजनाका अतिरिक्त साल बसाली विशेष कोष स्थापना गर्न वडास्तर टोलस्तर र समुदायस्तरमा विपद् प्रतिकार्य योजना कार्यान्वयनका लागि समुह निर्माण गरी क्षमता विकास तथा जनचेतना बढाउन र उचित राहत प्रदान गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

## ५.३ फोहरमैला व्यवस्थापन :–

- नगरपालिकाको मुख्य बजार क्षेत्रमा फोहरमैलालाई वर्गीकरण तथा खण्डीकरण गर्न अनिवार्य गरिनेछ । फोहरमैलालाई वर्गीकरण तथा खण्डीकरण गर्न आवश्यक तालिमको व्यवस्था मिलाईनेछ । यसरी वर्गीकरण तथा खण्डीकरण गरिएको फोहरमैलालाई छुट्टा छुट्टै डस्टविनमा राख्ने व्यवस्था मिलाउनुको साथै कुहिने र नकुहिने फोहरलाई फरक फरक साधनमा संकलन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- आवश्यकता अनुसार फोहरमैला व्यवस्थापन तालिम सञ्चालन गरिनेछ ।
- जैविक फोहरलाईव्यक्ति स्वयंले व्यवस्थापन गर्न उत्प्रेरित गरिनेछ ।
- नगर क्षेत्रलाई पूर्ण सरसफाई युक्त नगर बनाउन Post ODFकार्यक्रम सञ्चालन गरिनेछ । शहरका विभिन्न स्थानमा सार्वजनिक शौचालय निर्माणमा जोड दिनुका साथै अति विपन्न परिवारलाई शौचालय निर्माणमा अनुदान उपलब्ध गराईनेछ ।
- फोहरमैलाको अन्तिम बिसर्जन हुने स्थानमा फोहरमैलाबाट स्थानीय समुदायमा असर नपरोस् भन्ने अभिप्रायले गन्धनाशक तथा किटनाशक औषधी छर्कने व्यवस्था मिलाईनेछ ।
- प्लाष्टिकको विकल्पको रुपमा प्रयोग गरिने कागज वा अन्यका झोला लगायतका अत्यावश्यक सामग्री उत्पादन वा विक्री वितरण गर्ने व्यक्ति, संस्था वा निकायहरुलाई क्षमता विकास गरी प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- पशु बधस्थल निर्माण सम्पन्न गरी व्यवस्थापनकालागि आवश्यक कार्य अगाडि बढाइनेछ ।
- प्रत्येक नगरवासीको घर घरमा अनिवार्य शौचालय हुनुपर्ने र अत्यावश्यक स्थानमा सार्वजनिक शौचालयको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- सरसफाई उपकरण, शव व्यवस्थापन, शौचालयको व्यवस्थापनमा आवश्यक कार्य अगाडि बढाईने नीतिलिइएको छ ।
- सरसफाईकर्मीहरुलाई कार्यस्थलमै फोहोर व्यवस्थापन तथा सेग्रिगेशनका लागि थप पूनर्ताजगी तालिम दिइनेछ ।
- **स्वच्छ पुतलीबजार** अभियान सञ्चालन अन्तरगत मालेबगरमा रहेको सरसफाई केन्द्रलाई थप व्यवस्थित गर्दै फोहोरलाई मोहोरमा परिणत गर्न फोहोरमैला प्रशोधनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ ।

- घर भित्रको फोहोर व्यवस्थापन अन्तरगत छुट्टाछुट्टै जैविक/अजैविक गरी बर्गीकरण गर्न लगाउने, फोहोर न्यूनीकरणका लागि जैविक फोहोरबाट कम्पोष्ट मल बनाई कौसी खेती प्रवर्द्धन गर्नका लागि आवश्यक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- सरसफाई शुल्कलाई टोल विकास संस्था समेतको राय सुझावका आधारमा शुल्कका दर र दायरा फराकिलो पारिनेछ । उक्त शुल्क असुली गर्न टोल विकास संस्था परिचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- फोहरमैला व्यवस्थापन शुल्कबाट टोलविकास संस्थाहरुले प्राप्त गर्ने रकम टोलको विकास तथा मर्मतसंभारका कार्यहरुमा खर्च गर्न सक्ने व्यवस्था मिलाईएकोछ ।
- नगर क्षेत्रभित्र नगरवासिका सेफ्टी ट्याङ्क सफा गर्दा निस्कने फोहारलाई व्यवस्थापन गर्न निश्चित स्थान तोकि आवश्यक पूर्वाधार तयार गरिनेछ ।

**५.४ उर्जा विकास**

- बायो ग्याँस जडान, सुधारिएको चुलो(बायोमास) प्रविधिजडान, तथा सौर्य उर्जा प्रविधि जडान कार्यहरु सञ्चालन गरिनेछ ।
- नगरपालिका क्षेत्रमा जडित सोलार बत्तीहरुलाई आवश्यकताको आधारमा मर्मतसंभार गर्ने व्यवस्था मिलाईनेछ ।
- सरसफाई केन्द्रमा कुहिने फोहरबाट वायोग्याँस उत्पादन गरी उत्पादित वायोग्याँसलाई प्रभावित क्षेत्रका बासिन्दाहरुलाई सहुलियत दरमा पाईपबाट घरघरमा ग्याँस उपलब्ध गराईनेछ ।
- नगरपालिका क्षेत्रमा वायोग्याँस उत्पादन गर्ने निजीक्षेत्रबाट स्थापित उद्योगसंगको सहकार्य तथा सहलगानीमा सम्बन्धित क्षेत्रका नगरवासीहरुलाई सहुलियत दरमा पाईपबाट घरघरमा ग्याँस पुऱ्याउने व्यवस्था मिलाईनेछ ।

६. ***संस्थागत विकास तथा सेवा प्रवाह र सुशासन क्षेत्र तर्फ*** :-

**६.१ सुशासन अभिवृद्धि :**

- सेवा प्रवाहलाई गुणस्तरीय तथा प्रभावकारी बनाउन नगरपालिका कार्यालय, वडा कार्यालयहरु तथा स्वास्थ्य संस्थाहरुलाई साधन सम्पन्न र प्रविधि मैत्री बनाईनेछ ।
- Software को जडान गरी वडा कार्यालय तथा स्वास्थ्य चौकीबाट Online Reporting गर्ने व्यवस्था मिलाईनेछ ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई जस्ता क्रियाकलापहरुको माध्यमबाट पारदर्शिता अभिबृद्धि गर्दै जनआवाज संकलन गरी प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- सेवा प्रवाहका मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
- कम्तीमा वर्षको दुईपटक नागरिक सन्तुष्टिको सर्भेक्षण गरी प्राप्त सुझाबका आधारमा क्रमशः सेवा प्रवाहका मानकहरुलाई सुधार गर्दै लगिनेछ ।
- आन्तरिक तथा अन्तिम लेखा परीक्षणबाट औंल्याईएको बेरुजु फछर्यौटलाई प्रथमिकताका साथ अगाडि बढाईनेछ ।
- प्रभावकारी रुपमा सेवा प्रवाह गर्न कर्मचारी तथा पदाधिकारीहरुलाई आवश्यक तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- नगरपालिका तथा सबै वडा कार्यालयहरुमा विद्युतीय हाँजिरी जडान गरी Software को माध्यमबाट नगरपालिकाबाटै अनुगमन गर्ने व्यवस्था मिलाईनेछ ।
- सडक एवम् सार्वजनिक जमिन अतिक्रमण गरी निर्माण गरिएका घर, टहराहरु हटाउने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाईनेछ ।
- सरकारी, सार्वजनिक जग्गा संरक्षण, व्यवस्थापन गर्ने कार्यलाई अगाडि बढाईनेछ ।
- आवश्यक कानूनहरुको निर्माण गरी सेवा प्रवाहलाई अझै चुस्त र प्रभावकारी बनाईनेछ ।
- उपभोक्ता हित संरक्षण, अवैध कारोबार नियन्त्रण तथा उपभोग्य वस्तु तथा अन्य वस्तुको नियमित आपूर्तिको लागि सम्बन्धित निकायको सहयोग तथा सहकार्यमा बजार अनुगमनलाई नियमित गरिनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालनमा रहेका सरकारी कार्यालय, संस्थानहरु तथा नगरपालिका बीच आ-आफ्ना कार्यक्रम कार्यान्वयनमा अन्तरनिकाय समन्वय गर्ने व्यवस्था मिलाईनेछ ।
- लेखा समितिलाई सक्रिय गराई सुशासन प्रवर्द्धन तथा पारदर्शिता कायम गरिनेछ ।
- घटना दर्ता तथा सामाजिक सुरक्षा कार्यक्रमको लागि दर्ता सिविर सञ्चालन गरिनेछ ।

- सर्वसाधारणहरुलाइ नगरवाट प्रवाह गरिने सेवा सुविधाको सहज जानकारी गराउन संचार क्षेत्र संग सहकार्य गरिनेछ । पत्रकारहरुको क्षमता विकासका कार्यक्रममा सहयोग गरिनेछ । पत्रकार महासंघको भवन निर्माणमा सहयोग गर्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।

**६.२ संस्थागत विकास :**

- कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम स्थानीय तहका कर्मचारीहरु समायोजन हुँदा तह मिलान तथा ग्रेड (तलब वृद्धि) थप नभएको तथा सरकारी सेवाबाट समायोजन भएका केही कर्मचारीको सेवा अवधिको कारण बढुवा हुन नसकेकाले त्यस्ता कर्मचारीहरुको वृति विकास अवरुद्ध हुनुको साथै कर्मचारीको कार्यसम्पादनमा तथा समग्र नगरपालिकाको कार्यसम्पादनमा समेत असर परेकोछ । तसर्थ पुतलीबजार नगरपालिकाको स्थायी सेवामा कार्यरत तथा कर्मचारी समायोजनका क्रममा सरकारी सेवाबाट तथा अन्य स्थानीय तहबाट समायोजन भई यस नगरपालिकामा कामकाज गर्न खटाईएका र कर्मचारी समायोजन हुँदाका बखत कर्मचारी समायोजन ऐन २०७५ बमोजिम बढुवा नभई यस नगरपालिकामा समायोजन भएका कर्मचारीलाई कानून निर्माण गरी तह वृद्धि तथा ग्रेड (तलब वृद्धि) थप गर्ने व्यवस्था मिलाईनेछ ।
- कर्मचारीहरुले अतिरिक्त समयमा कार्य गरेवापत प्रोत्साहन रकम उपलब्ध गराउन कार्यविधि तयार गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराइनेछ । यस प्रणालीलाई पूर्णरुपमा विद्युतीय हाँजिरीका आधारमा र अतिरिक्त समय कार्य सम्पादन गरेको कार्य परिमाणसंग आवद्ध गरिनेछ ।
- नगरपालिकामा लामो समयसम्म अस्थाई तथा करारमा कार्यरत कर्मचारीहरु विभिन्न कारणबाट सेवाबाट अलग हुँदाको अवस्थामा नगरपालिकाबाट केही सुबिधा प्राप्त गरुन् भन्ने हेतुले एक कर्मचारी कल्याण कोषको स्थापना गरिनेछ । उक्त कोषमा निज कर्मचारी र नगरपालिकाको समान योगदान हुने गरी कानून निर्माण गरी सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।
- वडा विकास कार्यक्रममा कार्यरत सामाजिक परिचालकहरुको पारिश्रमिकमा पुनरावलोकन गरिनेछ ।
- सहभागितात्मक योजना तर्जुमा पद्धतिलाई सबल बनाउन वडा तहसम्म योजना तर्जुमा क्षमता अभिबृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।
- योजनाहरुको कार्यान्वयनमा सहजता ल्याउन, काममा गुणस्तरीयता कायम गर्न भुक्तानी प्रक्रियालाई सरल र सहज बनाउन उपभोक्ता समिति तथा टोल विकास संस्थाका पदाधिकारीहरुलाई योजना कार्यान्वयन पूर्वनै आवश्यक तालिम प्रदान गरिनेछ ।
- नगरपालिका तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा प्रणालीलाई अझ व्यवस्थित बनाउनका लागि कम्प्यूटरिकृत स्वचालित पद्धतिको अवलम्बन गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्रमा सञ्चालन हुने गैरसरकारी संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्नु पूर्व नगरपालिकाबाट अनुमति लिनु पर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- विभिन्न लक्षित समूह, सहकारी तथा अन्य समूहहरुले कार्यक्रम सञ्चालन गर्ने क्रममा खरिद भएका खर्च भएर नजाने सामानहरु सम्बन्धित वडा कार्यालयमा जिन्सी खातामा आम्दानी बाँधी सम्बन्धित सहकारी तथा समूहलाई हस्तान्तरण गर्ने व्यवस्था मिलाईनेछ ।
- बजार अनुगमन, नियमन तथा व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार नगर प्रहरी नियुक्त गरी परिचालन गरीनेछ ।
- कार्यालयका सबै शाखाहरुमा आवश्यक सफ्टवयर जडान गरी कार्यालयलाई प्रविधि मैत्री बनाउदै कागज विहिन कार्यालय बनाउने प्रयास गरिनेछ ।
- नगरपालिकाकोसंगठन तथा व्यवस्थापन सर्भेक्षण स्वीकृत गरी सो का आधारमा आवश्यक दरबन्दी स्वीकृत गरिनेछ ।
- शाखागत कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन सम्झौता गरी लक्ष्य प्राप्ती तथा मूल्याङ्कन गर्दै अघि बढ्ने नीति लिइनेछ ।
- नगरपालिका कार्यालय, वडा कार्यालयमा कार्यरत कर्मचारीहरुलाई क्षमता बृद्धिको लागि कम्प्यूटर तालिमको व्यवस्थागर्ने साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही एवं व्यक्तिगत घटना दर्ता विवरण अनलाईन मार्फत् तयार गर्ने नीतिलाई प्रभावकारी वनाइनेछ ।
- नगरभित्र गठित सबै सञ्जालहरुको सशक्तीकरण गरिनेछ ।
- नगरस्तरीय यातायातका साधनहरु सञ्चालनको लागि आवश्यक कार्यविधि तयार गरी कार्यन्वयन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र सञ्चालित खानेपानी समितिहरुलाई नगरपालिकामा दर्ता गर्ने व्यवस्था गरी नियमन गर्ने व्यवस्था मिलाईनेछ ।

- विद्युत आपूर्ति नभएको समयमा पनि सेवा प्रवाह अवरुद्ध नहोस् भन्नको लागि सबै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुलाई Power Backup को जडान गरिनेछ ।
- आवश्यकता अनुसार नगरपालिकाका विभिन्न स्थानमा जिल्ला प्रहरी कार्यालयको सहयोग तथा समन्वयमा प्रहरी चौकी राख्ने व्यवस्था मिलाईनेछ ।

**६.३ न्याय तथा मेलमिलप :**

- न्याय सम्पादनका कार्यहरुलाई छिटो छरितो र प्रभावकारी बनाउन कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै लगिनेछ ।
- सबै वडाहरुमा मेलमिलाप केन्द्रहरु स्थापना गरी वडास्तरमा आएका विवादलाई सम्बन्धित मेलमिलाप केन्द्रले नै मेलमिलापको माध्यमबाट किनारा लगाउने व्यवस्था मिलाईनेछ ।
- मेलमिलाप समितिलाई अभिमुखीकरणको माध्यमबाट परिवर्तित कानूनी व्यवस्थाको बारेमा जानकारी गराउँदै सक्षम गराईनेछ ।
- सबै जननिर्वाचित प्रतिनिधीहरुलाई मुद्दा मामिला, विभिन्न किसिमका विवाद तथा झैझगडामा समन्वयकारी भूमिका निर्वाह गर्न सक्षम बनाउनको लागि कानूनी परामर्श तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

**उपस्थित सभा सदस्यहरु !**

अन्त्यमा, यस नगरसभामा उपस्थित हुनु हुने नगरपालिकाका नगरसभा सदस्यज्यूहरु, नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, पत्रकारहरु प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । विगतका वर्षहरुका नीति तथा कार्यक्रमहरुलाई पूर्णरुपमा कार्यान्वयन गरी **"समृद्ध पुतलीबजार, सुखी नगरवासी"** को आकांक्षालाई सफल बनाउन यहाँहरुको सल्लाह सुझावलाई मार्गदर्शनको रुपमा लिई नगरपालिका अगाडि बढेको व्यहोरा यहाँ स्मरण गर्न चाहन्छु । अहिलेको यस बिषम परिस्थितिमा प्रस्तुत नीति तथा कार्यक्रमलाई पूर्णरुपमा सफल बनाउन यहाँहरुको सल्लाह सुझावको अझ बढी आवश्यकता हुने भएकोले तदनुरुप यहाँहरुका सल्लाह सुझावहरु नगरपालिकाले प्राप्त गर्नेछ भन्ने अपेक्षा गर्नुको साथै त्यस्ता सल्लाह सुझावलाई मार्गदर्शनको रुपमा लिएर पुतलीबजारनगरपालिकाअगाडि बढने विश्वास दिलाउदछु ।

**धन्यवाद !**

**सीमा कुमारी क्षेत्री**
**नगर प्रमुख**
पुतलीबजारनगरपालिका,स्याङ्जा

**मिति २०७८/०३/१० बिहीबार**